नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-
च.नं. :-

## प्रेस विज्ञप्ति

मिति :........................

सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीज्यूको समुपस्थितिमा आज प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा चालू आर्थिक वर्ष २०७६/७७ को नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेट तथा कार्यक्रमको कार्यान्वयनका लागि स्वीकृत कार्ययोजना अनुसार २०७६ भाद्र मसान्तसम्मको अवधिमा विभिन्न मन्त्रालयहरुवाट सञ्चालन तथा सम्पादन गरिएका क्रियाकलापहरु र सो बाट प्राप्त उपलब्धिको सम्बन्धमा समीक्षा कार्यक्रम सम्पन्न भयो।

सो अवसरमा सम्माननीय प्रधानमन्त्रीज्यूले देशको आर्थिक एवम् सामाजिक विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउने राष्ट्रिय गौरवका आयोजनाहरुको कार्यान्वयनमा प्रभावकारिता ल्याई तोकिएका क्रियाकलापहरु निर्धारित समयमै सम्पन्न गर्नका लागि सबै निकायहरुले समन्वयात्मक रुपमा काम गर्न र कामको गतिलाई अझ तीव्रता दिन निर्देशन दिनुभयो। महत्वपूर्ण र ठूला काम हुन नसकेको अवस्थामा सानासाना काम सम्पन्न हुनुको अर्थ हुँदैन भन्दै आर्थिक उन्नति र समाजमा परिवर्तनको सकारात्मक परिणाम ल्याउने गरी महत्वपूर्ण कार्यक्रममा केन्द्रित हुन आग्रह गर्नुभयो। साथै सम्माननीय प्रधानमन्त्रीज्यूले यस अवधिमा सम्पन्न हुन नसकेका कामहरु आगामी दिनमा सम्पन्न गरी वार्षिक लक्ष्य पूरा गर्न समेत ध्यानाकर्षण गराउनुभयो ।

साथै, उहाँले हाम्रा विकास निर्माणका कार्यमा ढीलाई हुने सम्पूर्ण कारणहरुको निदान गरी समाधानसहित अगाडि बढ्नुपर्ने, कार्य प्रगतिको प्रभावकारी अनुगमन गर्नुपर्ने, अनुगमनको कार्यलाई पनि माथिल्लो तहबाट थप परीक्षण र निर्देशन दिनुपर्ने, सेवा प्रवाहलाई प्रभावकारी वनाउनका लागि कर्मचारीले उत्साहित र जिम्मेवार भएर काम गर्नुपर्ने र आगामी समीक्षामा तोकिएको नतिजा हासिल हुनेगरी सबै पक्षलाई प्रभावकारी कार्यसम्पादन गर्न निर्देशन दिनुभयो।

कार्यक्रममा माननीय उपप्रधानमन्त्रीज्यू, माननीय मन्त्रीज्यूहरु, सम्माननीय प्रधानमन्त्रीज्यूका मुख्य सल्लाहकारज्यू तथा सल्लाहकारज्यूहरु, नेपाल सरकारका मुख्य सचिवज्यू, सचिवज्यूहरु र उच्चपदस्थ पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।

मितिः २०७६असोज, ९

यमलाल भूसाल
सहसचिव/ प्रवक्ता

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
इमेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np